"स्वच्छ, सुन्दर, र समुन्नत शहर, सर्लाहीको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही

मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५०११००
०४६५०१३३३
०४६५०१४४४
Email:maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

लालबन्दी नगरपालिका नगर कार्यपालिकाको कार्यालय लालबन्दी, सर्लाही मधेश प्रदेश, नेपाल

## अपाङ्गता भएका व्यक्तिहरुको लागि निःशुल्क वितरण गर्ने सहायक सामाग्रीहरु उत्पादन तथा वितरण कार्यक्रम सञ्चालनका लागि संस्था छनोट सम्बन्धी प्रस्ताव आब्हानको सूचना।

(सूचना प्रकाशन मिति : २०८१/०१/२०)

नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, काठमाडौंबाट यस नगरपालिकालाई प्राप्त अन्तर सरकारी अख्तियारी (ब.उ.शी.नं. ३४०००१०२) सामाजिक विकास कार्यक्रम, सहायक सामाग्री उत्पादन तथा वितरण (अनुदान) कार्यक्रम यस नगरपालिका मार्फत मधेश प्रदेश भित्र कार्यान्वयन तथा सञ्चालन गर्नु पर्ने भएकोले कार्यक्रम संचालन गर्न ईच्छुक सम्बन्धित कार्य गर्न अनुमती प्राप्त पुनर्स्थापना केन्द्र तथा पुनर्स्थापना सम्बन्धी कार्यको अनुभव प्राप्त संस्थाहरुले तपसिल बमोजिमको कार्यशर्त तथा परिधिको अधिनमा रही सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | कार्यक्रमको नाम | कुल बजेट रकम | कार्यन्वयन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | सहायक सामाग्री उत्पादन तथा वितरण | रु.२५,००,०००/- (अक्षरुपी पच्चिस लाख मात्र) | मधेश प्रदेश अन्तर्गतका स्थानीय तहहरु | |

<u>शर्तहरु :</u>

१. अपाङ्गता क्षेत्रको सहायक सामाग्री उत्पादन र वितरणका लागि कानून बमोजिम दर्ता, स्थापना र नविकरण भई नेपाल सरकारका अन्य मन्त्रालय/निकाय र स्थानीय तहसँगको समन्वय र सहकार्यमा यस सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिरहेको संस्था हुनु पर्ने ।

२. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको (Priority Assistive Product List of Nepal-PAPL) मा उल्लेखित विवरण र क्षमता र मूल्यमा सहायक सामाग्री उत्पादन र वितरण गर्न सक्ने क्षमता भइ र विगतमा यस प्रकारको काम गरेको कार्य अनुभव समेत भएको हुनु पर्ने ।

३. यस मधेश प्रदेश भित्र कार्यक्रम संचालनको लागि कार्य क्षेत्र भई कानूनले तोकेको बमोजिमका सहायक सामाग्री उत्पादन गर्न आवश्यक जनशक्ति, प्रविधि, प्लान्ट, मेशिनरी लगायतका पूर्वाधार एवम् कारखाना भएको संस्था हुनु पर्ने।

४. अघिल्लो आ.व. मा यस सम्बन्धी अनुदान प्राप्त गरी कार्यक्रम गरेको र सो कार्य सम्पादन प्रगति सत प्रतिशत भएको संस्था हुनु पर्नेछ।

५. कुनै पनि अभियोग तथा अनियमिततामा संलग्न नभएको भनि सम्बन्धित संस्थाबाट स्वीकारोक्ति गरेको हुनु पर्नेछ ।

६. कुनै राजनितिक दल,विचारधारा तथा धार्मिक आस्थालाई प्रचार प्रसार गर्ने उदेश्य नरहेको संस्था ।

७. नेपाल सरकारका अन्य मन्त्रालय/निकायसंगको समन्वय र सहकार्यमा कार्यक्रमहरु संचालन गरिरहेको संस्था ।

८. चालु आ.व. भित्र कार्यक्रम संचालन गरि कार्यक्रमको प्रगति प्रतिबेदन तथा विल भर्पाइ अदि पेश गरि असार मसान्त सम्ममा भुक्तानी लिई सक्नु पर्ने ।

९. प्रस्तावकले आफ्नै खर्चमा मधेश प्रदेशमा सहायक सामाग्री आवश्यक पर्ने व्यक्तिहरुको जानकारीको लागि आवश्यक सूचना प्रवाह गर्नु पर्ने साथै अपाङ्गता भएको व्यक्तिको लागि सहायक सामाग्री वितरण कार्यका लागि चालु आ.ब.मा आवश्यक स्क्रिनिङ् नापजाँच गरी उपयुक्त सहायक सामाग्रीको पहिचान गरेको वा गर्न सक्ने प्रतिवद्धता पेश गर्नु पर्ने।

१०. यस लालबन्दी नगरपालिकामा उपरोक्त कार्यक्रम संचालनका लागि अनुमति लिएका संघ संस्थालाई विषेश ग्राहयता दिईने छ ।

११. दोहोरोपन नहुने गरी अपाङ्गताको गम्भिरता अनुरुप सम्बन्धित प्रदेशका सबै अपाङ्गता भएको व्यक्तिलाई सहायक सामाग्री उपलब्ध गराउनु पर्ने ।

१२. मधेश प्रदेशको प्रादेशिक निर्देशनालय, अस्पताल र आधारभूत स्वास्थ्य संस्थासँग समन्वय एवम् सहकार्य गर्नुपर्ने।

१३. लक्षित वर्गको लागि नेपाल सरकारबाट जुन क्षेत्र वा उद्देश्यको लागि कार्यक्रम विनियोजन भएको हो सोही क्षेत्र वा उद्देश्य भित्र रही मात्र कार्यक्रम सञ्चालन गर्नु पर्ने ।

१४. सामाग्रि उत्पादन तथा वितरण गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको (Priority Assistive Product List of Nepal-PAPL) लाई मुख्य आधारको रुपमा लिईनु पर्नेछ।

१५. तोकिएको कार्यमा कार्यक्रम सञ्चालन गरी कार्यक्रमको अभिलेख राख्ने, खर्चको लेखा परीक्षण गराउने, प्रतिवेदन तयारी गर्ने र प्रगति प्रतिवेदन लालबन्दी नगरपालिका, जिल्ला समन्वय समिति, सर्लाही र महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा पठाउनु पर्नेछ।

१६. यसमा समावेश नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

लालबन्दी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

२०८१.०१.१८

प्रमुख प्रशासकीय अधिकृत